नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाण्डौ

## सम्पूर्ण सार्वजनिक निकाय र बोलपत्रदाताहरुको लागि अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०७६।०९।१५ गते

सार्वजनिक खरिद नियमावली, २०६४ को नबौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई सोको सूचना मिति २०७६।०९।१४ गतेको नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ । नियमावलीको नयाँ प्रावधान बमोजिम बोलपत्र सम्वन्धी नमूना कागजात (SBD) हरु परिमार्जन गरी सो अनुरुपको प्रावधानहरु विद्युतीय खरिद प्रणाली (e-GP System) मा समेत लागु गर्न यस कार्यालयबाट तिब्र रुपमा कार्य भैरहेको जानकारी गराइएको छ ।

मिति २०७६।०९।१५ भन्दा अगाडि बोलपत्र खोली मूल्याङ्कनको क्रममा रहेका बोलपत्रहरु बाहेकको हकमा यस कार्यालयबाट मिति २०७६।०९।१५ देखि ५ दिन सम्मको म्याद थप गरिएको र सोभन्दा बढी म्याद थपको आवश्यकता भएमा सम्वन्धित सार्वजनिक निकायहरुबाटै आवश्यकता अनुसार बोलपत्र कागजातमा संशोधन र म्याद थप समेत प्रदान गर्नुहुन यसै सूचनाबाट सम्वन्धित सबैमा जानकारी गराइएको छ ।